स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मदन पुरस्कार विजेता पुस्तक “सेतो धरती”माथि आधारित सोही नामको नाटकको मञ्चन पुनः सुरु हुने भएको छ। कान्तिपुर थिएटरले शुक्रबारदेखि यसलाई पुनः मञ्चन गर्न लागेको हो। दर्शकको अत्याधिक मागको कारण नाटकलाई शुक्रबारदेखि १६ असार मंगलबारसम्म मञ्चन गर्न लागिएको थिएटर प्रमुख प्रकाश पुरीले जानकारी दिए।

आजको विचार...



बगनास...

(दुई पेजमा)

मन गहिरे

ज्ञानेन्द्र देउजाको आगामी निर्देशकीय फिल्म “झिँगेदाउ”को दोस्रो श्रृंखला प्रदर्शनका लागि तयार छ। निर्माताले पोस्टर सार्वजनिक गर्दै “झिँगेदाउ २” असोज २ गतेदेखि रिलिज हुने जनाएका छन्। पोस्टर सार्वजनिक भएसँगै प्रवर्धन कार्यक्रमलाई तिव्रता दिने निर्माताको तयारी छ। विष्णु घिमिरे “कल्पित”को छायांकन रहेको फिल्ममा मित्र गुरुङको सम्पादन, अर्जुन पोखरेलको संगीत, रामजी लामिछानेको नृत्य, रोशन श्रेष्ठ एक्सन कोरियोग्राफी छ। सार्वजनिक तीन नयाँ पोस्टरले फिल्मको विभिन्न पाटोलाई चित्रित गरेको छ।



❒ वर्ष ३१ ❒ अंक ३२६ ❒ २०८३ असार १० गते बुधबार 24 June 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ग्यास उद्योगमा विस्फोट हुँदा १३ को मृत्यु



(रासस/सिन्हवा)——

**नयाँदिल्ली,** असार ९/कतारस्थित रास लाफान तरलीकृत प्राकृतिक ग्यास उद्योग (एलएनजी) मा भएको विस्फोटका कारण १३ जना मृत्यु भएको उल्लेख गर्दै मृत्यु हुने मध्ये १२ जना भारतीय नागरिक रहेको कतार स्थित भारतीय दूतावासले बताएको छ । उक्त विस्फोटको घटनामा १३ जनाको मृत्यु भएको पुष्टि भई सकेको जनाउदै अन्य ६६ जना घाइते भएको दुतावासले जनाइएको छ । मृतकको पार्थिव शरीर चाँडै नै भारत पठाइने तयारी भईरहेको पुष्टि गर्दै दूतावासले यस घटनाबाट प्रभावित भारतीय नागरिक र उनीहरूका परिवारलाई यथा सक्य सहयोग गर्नका लागि कतारी अधिकारीहरूसँग सम्पर्कमा रहेर आवाश्यक काम गरिरहेको जनाएको छ । गत मार्च महिनामा भएको इरानी आक्रमण पछि बन्द भएको ग्यास उद्योग पुन: सञ्चालनमा आइ कामदारहरूले काम गरिरहेको समयमा विस्फोट भएको मिडियाले रिपोर्ट गरेका छन् ।

# पाल्पामा रासायनिक मलको विकल्पमा ‘ढैँचा’

***रासायनिक मलको अभाव, माटोको उर्वराशक्ति संरक्षणको आवश्यकता तथा उत्पादन लागत घटाउने उद्देश्यले यहाँका किसान हरियो मलका रूपमा प्रयोग हुने ढैँचा खेतीतर्फ आकर्षित हुन थालेका हुन् । ढैँचाखेतीले वातावरण संरक्षणमा योगदान पुऱ्याउने भएकाले यसको प्रयोग विस्तार गर्न आवश्यक रहेको छ ।***

**रामचन्द्र रायमाझी/रासस ——**

**तानसेन (पाल्पा),** असार ९/ जिल्लाको माथागढी गाउँपालिकाका रुप्सेका किसान धनबहादुर विश्वकर्माले रासायनिक मलको विकल्पमा ढैँचा मलको प्रयोग गरी धान रोपाइँ गर्न थालेको तीन वर्ष पुगेको छ । उनले समयमा मल नपाउने, पाए पनि ढुवानीको समस्या र चर्को मूल्य तिर्नुपरेपछि खेतमा नै ढैँचा रोप्न र बाली लगाउने बेला ढैँचाकै मल प्रयोग गर्न थालेका हुन् ।

किसान विश्वकर्माले रासायनिक मलको विकल्पमा ढैँचा मल उत्तम रहेको बताए । उनले धान उत्पादनका लागि माटोमा चाहिने सम्पूर्ण शक्ति ढैँचाले पूर्ति गर्ने भएकाले आफूले प्रयोग गर्दै आएको जानकारी दिए । रुप्सेकै किसान छवि थापाले पनि ढैँचा लगाएको खेत जोतेर धान रोपाइँ गर्दै छन् । उनले रासायनिक मलको विकल्पमा केही वर्षयता हरियो मल अर्थात् ढैँचा प्रयोग गर्दै आएको सुनाए । ढैँचाबाट माटोको गुणस्तर सुनिन्छ भन्ने



थाहा पाएपछि अन्नबाली लगाएका स्थानमा रासायनिक मल नछरेको उनले सुनाए । “रासायनिक मलको विकल्पमा माटोका लागि ढैँचा लगाउँदै आएको छु”, उनले भने, “धान उत्पादनका लागि माटोमा चाहिने सम्पूर्ण शक्ति ढैँचाबाट पूरा हुँदोरहेछ ।” पूर्वखोलाका पुराना किसान ईश्वरी खनालले पनि रासायनियक मलको सट्टा हरियो मल ढैँचा नै प्रयोग गर्दै आएका छन् । उनी भन्छन्, “आफ्नो हातपाखुरामा बल हुँदासम्म बोरामा आउने रासायानिक मलको प्रयोग गर्दिनँ, अहिलेसम्मै हरियो मलका भरमा धानखेती गर्दै आएको छु, यसबाट राम्रो उत्पादन हुन्छ”, उनले भने, “यो कुनै नयाँ प्रयोग होइन । बाबुबाजेले ढैँचा मलकै प्रयोग गरेर अन्नपात उब्जाउनुहुन्थ्यो । रासायनिक मलको प्रवेश भएपछि यो विधि हराउँदै गएको थियो । अहिले पुन: प्रयोगमा ल्याउन थालिएको छ ।” बीउ छरेको २० देखि २५ दिनपछि तयार हुने ढैँचा बोटलाई खेत हिल्याउने क्रममै प्रयोग गरिन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

-कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,

-आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,

-उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,

-जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,

-कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,

-विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,

-स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,

-व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# रामपुरमा महिलालाई होजियारी तालिम

**पाल्पा,** असार ९/जिल्लाको रामपुरमा महिलालाई होजियारी तालिम दिइएको छ । रामपुर नगरपालिकाले महिलाहरूलाई आत्मनिर्भर बनाउन ४५ दिने होजियारी तालिम दिएको हो ।

उप-प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम अन्तर्गत आधारभूत होजियारी तालिम लिएका ग्रामीण महिलाहरुको लागि तालिम प्रदान गरिएको नगरपालिकाले जनाएको छ । यस अघि खादा बनाउने तालिम लिएका महिलाहरु मध्ये ७ जनालाई थप तालिम प्रदान गरिएको हो । तालिममा महिलाहरुलाई उनको धागोबाट विभिन्न डिजाइनका स्वेटर, हाइनेक, टोपी, मोजा, पञ्जालगायत सामग्री बुन्न तथा मेसिन मर्मत सम्बन्धी तालिम प्रदान गरिएको हो । ४५ दिनसम्म चलेको तालिम एक औपचारिक कार्यक्रमका बिच समापन गरिएको छ । समापनको अवसरमा सहभागी महिलाहरुलाई प्रमाण पत्र प्रदान गरिएको छ । प्रमाणपत्र प्रदान गर्दै नगर प्रमुख रमण बहादुर थापाले महिलालाई व्यावसायिक र आत्मनिर्भर बनाउन



नगरपालिकाले सिपमुलक तालिम सञ्चालन गर्दै आएको बताए । कतिपय महिलाहरुले तालिम लिएर व्यवसायिक रुपमा सक्रिय भएको उनले बताए । नगरपालिकाले प्रदान गर्ने तालिमको सही सदुपयोग होस् भन्ने उद्देश्यले सहभागीलाई तालिम व्यवहारमा लागु गर्ने प्रतिवद्धता जनाएमा मात्र सहभागी गराएर तालिम प्रदान गर्दै आएको नगर प्रमुख थापाको भनाई छ । तालिम लिएर उद्यम सुरु गर्ने महिलाहरुलाई आवश्यक उपकरणहरु अनुदानमा प्रदानसंगै नगरपालिकाले बजारको सुनिश्चितता गर्ने उनले बताए । थापाले महिलाहरुलाई प्राप्त सिपको सदुपयोग गर्दै उद्यमशिल बन्न आग्रह गरे । उपप्रमुख बालकुमारी थापाले उप-प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम मार्फत महिलाहरुलाई आत्मनिर्भर बनाउन तालिमहरु सञ्चालन गर्दै आएको बताइन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# पदीय मर्यादा ख्याल गर

मन्त्री र सांसद सार्वजनिक पद हो । सार्वजनिक पदले अधिकार मात्र होइन विशेष जिम्मेवारी पनि दिएको हुन्छ । त्यो जिम्मेवारीलाई गम्भीरताकासाथ निभाउनुपर्छ, त्यो पदमा बसेको व्यक्तिको दायित्व हो । तर पछिल्ला दिनहरूमा सार्वजजिक पदमा बसेका नेपालका केही मन्त्रीहरूले पदीय मर्यादा नै ख्याल नगरी विवादित अभिव्यक्तिहरु दिइरहेका छन् । ठेकेदारको "खुट्टा भाँचिदिनुपर्ने" जस्ता हिंसाप्रेरित टिप्पणीदेखि आलोचकहरूका "काण्ड" सार्वजनिक गर्ने चेतावनीसम्मका अभिव्यक्तिहरूले पदीय मर्यादा भन्दा बाहिर गएको संकेत गर्दछ । शक्तिमा पुगेपछि आफ्नो इच्छा नै वैध र जनसमर्थित ठान्ने प्रवृत्ति राजनीतिक नेतृत्वमा नयाँ होइन । व्यापक जनमतबाट निर्वाचित वा शक्तिशाली सरकारका नेतृत्वकर्ताहरूले कहिलेकाहीँ लोकतान्त्रिक प्रक्रिया, संस्थागत जिम्मेवारी र कानुनी सीमाभन्दा आफ्नो आदेशलाई बढी प्रभावकारी ठान्न सक्छन् । यही मानसिकताको झल्को हाल केही मन्त्रीहरूको सार्वजनिक अभिव्यक्तिमा देखिएको छ ।

पूर्वाधार विकासमन्त्री सुनील लम्सालले केही दिन अघि ठेकेदारको 'खुट्टा भाँचिदिनुपर्ने' भन्दै हिंसाप्रेरित अभिव्यक्ति नै दिएका समाचारहरु बाहिर आएका छन् । त्यस्तै, केही दिनअघि अर्थमन्त्री स्वर्णिम वाग्लेले संसद्‌रुमा बजेटमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा आलोचक सांसदहरूलाई लक्षित गर्दै उनीहरूको 'काण्ड' सार्वजनिक गर्ने चेतावनी दिएका थिए । करको दरमा हेरफेर भएको भन्दै सांसदहरूले प्रश्न उठाउन थालेपछि प्रश्न गर्नेहरूलाई उनले भनेका थिए, 'यो नैतिक आँट, नैतिक उचाइ मप्रति औंलो ठड्याउने माननीयज्यूहरूलाई पनि प्राप्त होस्, शुभकामना छ । तर तपाईंहरूका काण्डबारे हामी अनभिज्ञ हौं र ? ती पनि खुल्नेछन् ।' ती तीनवटै धम्कीपूर्ण बोलीमा एउटै अहं भेटिन्छ– आफूले चाहेको हुनैपर्छ । अरूको गल्ती होस् वा नहोस्, सजायको प्रकृति आफूले निर्धारण गर्न पाउनुपर्छ । जबकि, कानुनी शासनमा सजाय निर्धारण गर्ने काम अदालतको हो । अदालतले दोषी र सजाय ठहर नगरीकन सरकारका व्यक्तिले जोकोहीलाई यस्तो–उस्तो सजाय दिन्छौं भन्नु भनेको अदालतभन्दा आफूलाई माथि राख्ने दुष्प्रयास हो । यो अस्वीकार्य छ । यस्ता तौरतरिकाले सरकारका मन्त्रीहरूमा शक्तिको मात चढेको, आफूहरूले जे गरे पनि हुने ठानेको, धम्की र हिंसाबाट अरूलाई काबुमा राख्न सकिन्न भन्ने स्थापित गर्न खोजेको देखिन्छ । लोकतान्त्रिक मुलुकमा शासकको यस्तो शैली चिन्ताको विषय हो । यसलाई स्वयं मन्त्रीहरूमै गल्ती बोलेको र नदोहोऱ्याउने आत्मबोध वा नागरिकको भद्र प्रतिवादद्वारा मात्रै नियन्त्रण गर्न सकिन्छ । सार्वजनिक पदमा बस्ने व्यक्तिहरुले जिम्मेवारीलाई गम्भीरताकासाथ निभाउनुपर्छ । शालिनता प्रस्तुत हुनुपर्छ । जनप्रतिनिधिको बोली, व्यवहार र आचरण लोकतान्त्रिक समाजको मर्यादाभित्र रहनुपर्छ । आफू कानुनभन्दा माथि छु भन्ने मनोविज्ञान मन्त्रीहरुमा छ भने अब मुक्त भई पदीय मर्यादाको ख्याल गर्नुपर्छ ।

## Opinion @ Social Network

भाग्य छ भन्दैमा घमण्ड नगर

जब दैब लाग्छ नि तब बर्षात मा पनि घर जल्ने गर्छ..!!

*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बगनासकालीको साहित्य र युवा सक्रियताको खाँचो



## मन गहिरे

नेपाली कला साहित्य र संस्कृतिले भरिएको पाल्पा त्यसमा पनि बगनासकाली गाउँपालिका आफैमा समृद्ध पालिका हो । यहाँको लोकसंस्कृति,परम्परा ,भाषा भेषभुषा, चालचलन, रहन सहनसँगै सिर्जना गर्ने सर्जकहरु रहेको यस पालिकाको इतिहासदेखि वर्तमानसम्म हेर्दा विगतका तुलनामा वर्तमानमा सुस्त कछुवाको गतिमा अघि बढेको हो कि भन्ने भान हुन्छ । बगनासपालिकाका प्रत्येक ग्रामीण क्षेत्रसम्म साहित्यिक कलासंस्कृतिको जगेर्ना गर्दै युवा पुस्तामा साहित्यिक चेतनाको विकास गर्न नवप्रतिभाहरूको सिर्जना प्रस्फुटन गराउन र ऊर्जा प्रदान गर्नका लागि नितान्त आवश्यक देखिएको छ । पुराना पुस्ताहरुले सिर्जना गरेको जगलाई थप उचाइमा पुऱ्याउन नयाँ पुस्ताहरूप्रति साहित्यिक सक्रियता बढाउनुपर्ने आजको आवश्यकता देखिन्छ । यहाँका रैथाने गीत, कथा, गजल, कविताको संरक्षण गर्दै स्थानीय स्तरलाई राष्ट्रियस्तरमा पहिचान दिन सकिने साहित्यिक माध्यम पनि हो ।

बगनासकालीको साहित्यिक इतिहास हेर्दा यहाँका सर्जकहरुले कथा उपन्यास, कविता, गीत गजल, नाटक, निबन्ध, संस्मरण, लघुकथा, हाइकु आदि विद्याहरुमा कलम चलाइएको पाइन्छ । विभिन्न वडाहरुका सर्जकहरु राष्ट्रिय स्तरसम्म पुगेको चर्चित नामहरू सर्वविधितै छ । कोही यही बसेर कोही यो थातथलो छोडेर गएकाले पनि पाल्पा र बगनासकालीलाई अन्तर्राष्ट्रिय जगतमा चिनाएको कुरालाई नकार्न सकिँदैन् ।

बगनासकाली दुई पोखराथोकमा २०७५ सालदेखि पोखराथोक साहित्यसँगमबाट प्रकाशित बाटिकाले नियमित प्रकाशन गरिरहनु संस्थाको मुख्य देन हो । जसमध्ये यहाँका जागरिला साहित्यकारहरू खटेर लाग्नुभएको छ ।पोखराथोक साहित्य संगम स्थापना गर्ने संस्थापकहरू पण्डित यादवनाथ कोइराला, गंगानाथ कोइराला, कृष्ण कोइराला, कृष्ण पहाडी, सरोज काफ्ले विश्वनाथ गैरे, हरि भट्टराई, गोविन्द खनाल सम्झनुपर्ने नाम हुन् ।

त्यसै गरि २०७५ सालमा भोजराज भट्टराईको अध्यक्षतामा बगनासकाली साहित्य परिषद्को गठन भएको छ । यस परिषद्ले स्थापनाकालदेखि नै साहित्यिक गोष्ठी नियमित रचनावाचन कार्यक्रमहरू गर्दै आएको पाइन्छ । यसै गरि नेपाली भाषा कलासंस्कृतिको विकासका लागि महत्वपूर्ण योगदान पुऱ्याएका पाल्पाली श्रष्टाहरुमध्ये त्यो पनि बगनासकालिका केही परिचयात्मक व्यक्तित्वहरू हुनुहुन्छ जसले साहित्यलाई माथि उठाउनमा महत्वपूर्ण भूमिका खेल्नुभएको छ । खानीगाउँका डा.शंकर गैरे, दैलातुङका खगेन्द्र बस्याल, गोपाल बस्याल, कल्लाबारीका गोम क्षेत्री, धातानन्द गैरे ,टङ्क भट्टराई ,चापानीका तिलक नेपाली, गणेश नेपाली, झपेन्द्र खनाल, दर्पुकका भोजराज भट्टराई दर्लमका सागर भण्डारी, चिर्तुङ्धाराका गोविन्द भट्टराई तुलबहादुर गाहा, सीता गौतम, बराङ्दीका डा. राधे श्याम बस्याल, नायरका ज्ञानु न्यौपाने, कमल भट्टराई,पोखराथोकका कृष्णपहाडी, मोहन लक्ष्मी नेपाल, मन गहिरे,जानका नेपाल, बिनोद नेपाल, युवराज शर्मा खनाल, अनिल कोइराला,सुनिल कोइराला,गोविन्द खनाल, रेश्मी राज गहिरे,गीता रेग्मी, विष्णु पहाडी, दुर्गा अर्याल, डा. सुरेन्द्र गैरे ,पर्शुराम ढकाल, उपेन्द्र रेग्मी, उपेन्द्र गैरे, खानीगाउँका सुमन गैरे, श्रीस देवकोटा, नवीन पौडेल, तुलसा नेपाल लगायतले बगनासकालीको साहित्यिक उत्थानका लागि सराहनीय काम गर्दै आएका छन् भने वर्तमान परिवेशमा नवपुस्तालाई साहित्यिकतर्फ के गर्न सकिन्छ कसरी आृना संस्कृति साहित्यतर्फ रुचि जगाउन सकिन्छ भन्ने विषयमा सोच्नु पर्ने बेला आएको छ ।





*बगनासपालिकाका प्रत्येक ग्रामीण क्षेत्रसम्म साहित्यिक कलासंस्कृतिको जगेर्ना गर्दै युवा पुस्तामा साहित्यिक चेतनाको विकास गर्न नवप्रतिभाहरूको सिर्जना प्रस्फुटन गराउन र ऊर्जा प्रदान गर्नका लागि नितान्त आवश्यक देखिएको छ । पुराना पुस्ताहरुले सिर्जना गरेको जगलाई थप उचाइमा पुऱ्याउन नयाँ पुस्ताहरूप्रति साहित्यिक सक्रियता बढाउनुपर्ने आजको आवश्यकता देखिन्छ । यहाँका रैथाने गीत, कथा, गजल, कविताको संरक्षण गर्दै स्थानीय स्तरलाई राष्ट्रियस्तरमा पहिचान दिन सकिने साहित्यिक माध्यम पनि हो ।*

*बगनासकालीको साहित्यिक इतिहास हेर्दा यहाँका सर्जकहरुले कथा उपन्यास, कविता, गीत गजल, नाटक, निबन्ध, संस्मरण, लघुकथा, हाइकु आदि विद्याहरुमा कलम चलाइएको पाइन्छ । विभिन्न वडाहरुका सर्जकहरु राष्ट्रिय स्तरसम्म पुगेको चर्चित नामहरू सर्वविधितै छ । कोही यही बसेर कोही यो थातथलो छोडेर गएकाले पनि पाल्पा र बगनासकालीलाई अन्तर्राष्ट्रिय जगतमा चिनाएको कुरालाई नकार्न सकिँदैन् ।*

गाउँपालिकाका विभिन्न वडाहरुमा गठन भएका विद्यालय विद्यालयहरूले गर्ने साहित्यिक प्रतियोगिताहरू लोकदोहोरी सांस्कृतिक मेलाहरू बाहेक नव युवाहरूमा साहित्यिक लेख र पठन संस्कृतिको विकास विस्तारै हराउँदै जाने हो कि चिन्ताको विषय बन्दै गएको छ । किनकि आधुनिक समयमा मोबाइलदेखि लिएर विभिन्न सामाजिक सञ्जालहरूमा युट्युब, फेसबुक, टिकटक आदिहरुमा युवाहरुलाई आफ्नो सिर्जनशील समय त्यसै खेर गइरहेको पाइन्छ । आधुनिक प्रविधि सामाजिक सञ्जालको बढ्‌दो प्रभावले अध्ययन र लेखनप्रति युवाहरूको घट्‌दो रुचिका कारण साहित्यिक गतिविधिहरूमा ठूलो चुनौती पनि देखिएको छ । यस्तो अवस्थामा साहित्यको संरक्षण प्रवर्धन र विकासका लागि युवाहरूको सक्रिय सहभागिता हुन आवश्यक छ । युवाहरुको साहित्यप्रतिको मोह जगाई सिर्जनात्मक सोचको विकास गर्न सकिएमा गाउँपालिकाको साहित्यिक क्षेत्र अझै समृद्ध अझै सशक्त भएर जानेछ । साहित्यको संरक्षण र विकासमा निम्न उपायहरूको कार्यान्वयन तर्फ जानु आजको महत्वपूर्ण आवश्यकता हो ।

-आधुनिक डिजिटल प्रविधिको युगमा युवाहरूको सिर्जनशीलताको उजागर गर्न सोहि अनुसारकै सामाजिक सञ्जालहरू खडा गर्ने पोस्टर र ब्लग र डिजिटल पत्रिकाहरू सञ्चालन गर्न विद्यालय तहदेखि नै किशोर किशोरीहरू र युवाहरूको सक्रियतामा संलग्नता गराउन जरुरी छ । यसो गर्न सके बगनासकालीको साहित्यलाई आधुनिक प्रविधिसँग जोडेर विश्वव्यापीकरण गर्न ठूलो मद्दत पुग्ने देखिन्छ ।

-पालिकाभित्र रहेका समुदायका विकृति विसंगति र कुरुतिहरू विरुद्ध युवा स्रष्टाहरूलाई सिर्जना र रचना गर्नतर्फ उन्मुख गर्न सके अझै राम्रोसँग जनचेतनाको अभिवृद्धि हुन सक्नेछ ।

- एउटा पालिका सभ्य शिष्ट सिर्जनाको मूल फुटाउने र बौद्धिक साहित्यिक सांस्कृतिक रुपमा नै समृद्ध पालिका बनाउन व्यक्तिगत प्रयास मात्र सम्भव छैन् ।

अब बग्नसकालीका प्रत्येक वडाहरूमा साहित्यिक क्लबहरू गठन गर्ने नियमित रचनावाचनहरू गर्ने, कवि गोष्ठी लगायत साहित्यिक प्रतियोगिताहरूका लागि स्थानीय सरकारले बजेट तर्जुमा गरी साहित्यिक प्रतिष्ठान, साहित्य सर्जक र साहित्यिक क्लबहरूलाई प्रोत्साहन गर्दै अघि बढाउन आवश्यक छ ।

-बगनासकाली गाउँपालिकाको साहित्यको जगेर्ना र विकासका लागि युवाहरुमा उत्प्रेरणा जगाउनका लागि साहित्यिक प्रतियोगिताको आयोजना गर्ने वडा स्तरमा, क्याम्पसमा, विद्यालयहरूमा साहित्य क्लब गठन गर्ने ।

-स्थानीय साहित्यकार र नयाँ पुस्ताबीचका अन्तरक्रिया साक्षात्कार कार्यक्रमहरू गर्ने -स्थानीय इतिहास संस्कृति र लोक साहित्यमा, साहित्य लेखनमा प्रोत्साहन गर्ने ।

-पुस्तकालयमा पठन संस्कृतिको विकास गर्ने विद्यालयका पुस्तकालयहरुलाई व्यवस्थित बनाउने ।

-साहित्यिक उत्सव आयोजना गर्ने ।

-पुस्तक प्रकाशनमा साथै नव पुस्ताका प्रकाशनमा सहयोग गर्ने भनेअवश्य पनि समाजको साहित्य भाषा संस्कृतिको संरक्षण पहिचान जोगाउँदै नवसर्जकहरु बढ्ने छन् भन्ने कुरालाई नकार्न सकिँदैन । जसले साहित्यकको जगेर्ना र विकास सम्भव हुँदै जानेछ । यसरी स्थानीय स्तरमा युवाहरुको जोशमा साहित्यिक ऊर्जा भर्न साहित्यिक चेतनाको विकास सँगसँगै अघि बढाउन सके अवश्य पनि आगामी दिनमा बगनासकाली गाउँपालिकामा कालजयी सिर्जनाहरु जन्मिने छन् ।

***जय साहित्य !***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्यको प्रस्ताव मिल्नेछ। जमघटको बीच रमाइलो समय व्यतीत हुनेछ। | **तुला** : बोलिको प्रभावले कार्य सिद्ध गर्न सकिनेछ। कार्यक्षेत्र प्रभाव बढ्नेछ । |
| **वृष** :पराक्रमले आँटिको कार्य सम्पादन गर्न सकिनेछ। भेटघाटले मन प्रसन्न रहनेछ। | **वृश्चिक** : सेवामुलुक कार्यबाट प्रतिष्ठा मिल्नेछ। शुभचिन्तकहरूको साथ मिल्नेछ। |
| **मिथुन** : आफन्तहरूको सोचेजस्तो सहयोग नमिल्ला। आयआर्जन सामान्य रहनेछ। | **धनु** : जीवन सुमधुर रहनेछ।साझेदारी व्यापारबाट राम्रो आयआर्जन गर्न सकिनेछ। |
| **कर्कट** : मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। नयाँ प्रेम प्रसंग प्रारम्भ होला। | **मकर** : सहयोगले बिग्रेको कार्य बन्नेछ। यात्रा अलि कष्टदायी रहन सक्छ। |
| **सिंह** : राजनीतिक क्षेत्रमा नयाँ नेतृत्व बहन गर्नुपर्ला।जीवनसाथीको सहयोग मिल्नेछ। | **कुम्भ** : मेहनतले नाम कमाउन सकिएला। आर्थिक पक्ष सबल रहनेछ। |
| **कन्या** : आत्मविश्वासमा वृद्धि हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। | **मीन** : नयाँ कार्य थालनी हुनेछ। सामूहमा आफ्नो उपस्थितिलाई जनाउन सकिनेछ। |

# धितो लिलाम विक्री सम्बन्धी ३५ दिने सूचना

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि. तानसेन वडा न. ३ पाल्पामा तपशिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट उपयोग गर्नु भएको ऋण रकम ऋण/कर्जा लिदाको बखत संस्थासंग गर्नुभएको सम्झौता बमोजिम साँवा ब्याज बुझाउनको लागि यस संस्थाबाट पटक-पटक मौखिक र पत्रद्वारा ताकेता गर्दा समेत सम्बन्धित ऋणीले तिर्नुपर्ने ऋणको किस्ता, साँवा, ब्याज, हर्जाना रकम नतिरेको हुदां यो लिलामी सूचना प्रकाशित गरिएको छ । लिलामी हुने दिनसम्म उक्त ऋणको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरि बुझाई ऋण चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत ऋण भुक्तान नभएमा प्रचलित कानुन, सहकारी ऐन, २०७४ को दफा ७९ र ८३, सहकारी नियमावली, २०७५ को नियम ३० बमोजिम संस्थालाई धितो बन्धक, संस्थाको नाममा रोक्का रहेका जे जति सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित मिति, समय र स्थानमा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले सो सम्पत्ति खरिद गरी लिन इच्छुक सबै व्यक्ति, कम्पनी, फर्महरुको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनि, इच्छुक खरिद कर्ता तथा सरोकारवाला सबैमा अनुरोध छ । कुनै कारणवश तपशिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति कानूनी व्यवस्था बमोजिम बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम संस्थाले सकार गरि लिन सक्ने र उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल, अचल जायजेथाबाट अशुल उपर गरी ऋणी तथा जमानतकर्तालाई कानून बमोजिम कालोसूचिमा समावेश गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल:**

| क्र.स. | ऋणीको नाम | शिर्षक | धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण | धितो सुरक्षण दिने व्यक्तिको नाम,थर,वतन | जमानी दिने व्यक्ति नाम,थर,वतन |
|---|---|---|---|---|---|
| १ | अर्पणा श्रेष्ठ | व्यक्तिगत | पाल्पा जिल्ला साविक मदनपोखरा गा.वि.स. वडा नं.८ हाल परिवर्तित तानसेन न.पा. वडा नं.७ का कि.नं.५७३ र ५७७ का कमशः क्षेत्रफल १-१-०-० र ०-४-२-० र पाल्पा जिल्ला साविक बन्दीपोखरा गा.वि.स.वडा नं. १ हाल परिर्वतित तानसेन न.पा.वडा नं.५ का कि.नं.१००९ र १०१० का कमशः क्षेत्रफल ०-५-१-२ र १-७-३-१ | अर्पणा श्रेष्ठ पाल्पा जिल्ला तानसेन न.पा. वडा नं.८ हाल परिर्वतित तानसेन न.पा. वडा नं.३ | श्री राजेन्द्र कुमार कक्षपति तानसेन-४, पाल्पा |
| २ | कमला देवि गैरे | व्यक्तिगत | पाल्पा जिल्ला साविक वर्तुङ्ग गा.वि.स.वडा नं.८ हाल परिर्वतित तानसेन न.पा. वडा नं.१ कित्ता नं. १३६६ क्षेत्रफल ०-३-०-० | कमला देवि गैरे पाल्पा जिल्ला मैनादी गा.वि.स.वडा न.९ | |
| ३ | घनश्याम भण्डारी | व्यक्तिगत | पाल्पा जिल्ला वर्तुङ्ग गा.वि.स. वडा नं.५ हाल परिर्वतित तानसेन न.पा. वडा न.७ कित्ता नं.४०२६ क्षेत्रफल ३-६-३-१ | घनश्याम भण्डारी पाल्पा जिल्ला साविक तानसेन न.पा.वडा नं. ११ हाल वडा नं. ७ | |
| ४ | मदन राज पाण्डेय | व्यक्तिगत | पाल्पा जिल्ला तानसेन न.पा. वडा नं.८ कित्ता नं.२१३८ क्षेत्रफल ०-३-०-३ | मदन राज पाण्डेय पाल्पा जिल्ला साविक चिर्तुङ्धारा गा.वि.स. वडा नं.९ हाल बगनासकाली गा.पा.वडा नं.१ | |
| ५ | कुल बहादुर रावल | व्यक्तिगत | पाल्पा जिल्ला साविक बन्दिपोखरा गा.वि.स.वडा नं.५ हाल परिर्वतित तानसेन न.पा.वडा न.५ कित्ता नं.६३५ र ६३६ का कमशः क्षेत्रफल ०-७-२-० र ०-७-२-० | कुल बहादुर रावल पाल्पा जिल्ला साविक तानसेन न.पा.वडा नं.१३ हाल तानसेन न.पा.वडा न.५ | |
| ६ | सुनिल नेपाल | व्यक्तिगत | पाल्पा जिल्ला वर्तुङ्ग गा.वि.स.वडा न.५ कित्ता नं.७२० क्षेत्रफल ५-८-०-१ | सुनिल नेपाल पाल्पा जिल्ला साविक देउराली गा.वि.स.वडा नं.८ को हाल परिवर्तित रिब्दीकोट गा.पा. वडा नं.२ | |
| ७ | बिष्णु माया थापा | व्यक्तिगत | पाल्पा जिल्ला तानसेन न.पा.वडा न.६ कित्ता नं.१२०५ क्षेत्रफल ०-४-०-० | बिष्णु माया थापा पाल्पा साविक खानीगाउँ गा.वि.स.वडा नं.३ को हाल परिवर्तित बगनासकाली गा.पा.वडा नं.७ | |
| ८ | यम बहादुर सार्की | व्यक्तिगत | पाल्पा जिल्ला बन्दिपोखरा गा.वि.स.वडा न.९ कित्ता नं.९८४ क्षेत्रफल ०-११-३-२ | यम बहादुर सार्की पाल्पा जिल्ला साविक तानसेन न.पा.वडा नं.१२ हाल परिवर्तित तानसेन न.पा.वडा नं.५ | |
| ९ | श्याम दर्नाल | व्यक्तिगत | पाल्पा तानसेन न.पा. वडा नं.३ कित्ता नं.२४३७ क्षेत्रफल ०-४-०-० | श्याम दर्नाल पाल्पा साविक भुम्लुङ्ग गा.वि.स. वडा नं.७ को हाल परिवर्तित रैनादेवी छहरा गा.पा.वडा नं.५ | |
| १० | अनिशरा ठाडा थापा | व्यक्तिगत | पाल्पा तानसेन न.पा. वडा नं.४ कित्ता नं.१२८३ क्षेत्रफल ०-३-०-० मा पक्कि घर समेत | अनिशरा ठाडा थापा पाल्पा जिल्ला साविक दर्लङ्ग गा.वि.स. वडा नं.४ हाल परिवर्तित रामपुर न.पा. वडा नं. ३ | |
| ११ | कुसुम देवी राज | व्यक्तिगत | पाल्पा जिल्ला तानसेन न.पा.वडा नं.३ कित्ता नं.२३९८ क्षेत्रफल ०-४-०-० | कुसुम देवी राज पाल्पा जिल्ला साविक सिलुवा गा.वि.स. वडा नं.४ हाल परिवर्तित पूर्वखोला गा.पा.वडा नं.१ | |
| १२ | कमन बहादुर राज मगर | व्यक्तिगत | पाल्पा जिल्ला तानसेन न.पा.वडा नं.४ कित्ता नं.१३५३ क्षेत्रफल ०-४-०-० | कमन बहादुर राज मगर पाल्पा जिल्ला साविक सिलुवा गा.वि.स. वडा नं.४ हाल परिवर्तित पूर्वखोला गा.पा.वडा नं.१ | |
| १३ | मैना देवी दर्लामी | व्यक्तिगत | श्री अमर नारायण गुठी ज.ग.मैईं मोहि मैना देवी दर्लामी भएको पाल्पा जिल्ला वर्तुङ्ग गा.वि.स.वडा नं.३ कित्ता नं.३२३९ क्षेत्रफल ०-३-०-० | मैना देवी दर्लामी पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स. वडा नं.८ हाल परिवर्तित बगनासकाली गा.पा.वडा नं १ | |
| १४ | हविम दिन मिया | व्यक्तिगत | पाल्पा जिल्ला बन्दिपोखरा गा.वि.स.वडा नं.४ कित्ता नं.७२, ११६, १२१६ र १२१८ कमशः क्षेत्रफल ११-१२-२-३, १-४-३-०, ०-१५-२-१ र ३-०-३-० | हविम दिन मिया-१, सनुर मिया-१ र मकबुल मिया-१ समेत जना ३ पाल्पा जिल्ला साविक बन्दिपोखरा गा.वि.स. वडा नं.४ परिवर्तित तानसेन न.पा.वडा न.१३ हाल परिवर्तित तानसेन न.पा.वडा न.५ | |
| १५ | मिना बस्याल | व्यक्तिगत | पाल्पा जिल्ला बन्दिपोखरा गा.वि.स.वडा नं.९ कित्ता नं.८४६ र ८५२ कमशः क्षेत्रफल २-१-१-१ र ०-१३-०-० | मिना सार्की पाल्पा जिल्ला साविक तानसेन न.पा.वडा नं.१२ हाल परिवर्तित तानसेन न.पा.वडा नं.५ | |
| १६ | मन्जु नेपाली सार्की | व्यक्तिगत | पाल्पा जिल्ला तानसेन न.पा. वडा नं.६ कित्ता नं.८०४ क्षेत्रफल ०-८-३-० | मन्जु नेपाली सार्की-१, मिलन नेपाली-१ र वरुण बहादुर नेपाली-१ समेत जना ३ पाल्पा तानसेन न.पा. वडा नं.६ हाल परिवर्तित तानसेन न.पा.वडा नं.३ | |

# धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना

उल्लेखित व्यहोरा अवगत गर्दै प्रकाशित सूचनाको म्याद भित्र शिघ्र ऋण भुक्तान गराई आफ्नो सम्पत्तिको संरक्षण गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ । धितो लिलाम विक्रि हुने कार्यका दिन लिलामबाट कायम हुने धितो मुल्य घटि वा बढी हुने प्रक्रियामा समेत ऋणी धितो जमानीकर्ता तथा धितोधनिलाई उपस्थित हुन सुचित गरिन्छ । धितो लिखित दिएको सम्पत्ति लिलाम विक्रि गरी वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा विक्रि भएमा लिलाम विक्रि भए पश्चात ऋणी तथा जमानीकर्ताले मेरो, हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्रि भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन । यदि ऋणीको धितो बन्धकीमा रहेको सम्पत्तिबाट यस संस्थाको साँवा ब्याज तथा हर्जाना असुल उपर नभएमा ऋण असुलि न्यायाधीकरण मार्फत प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा अनुरोध छ ।

**शर्तहरु:**

१.यस संस्थाको कार्यालयमार्फत बोलपत्र फारम रु. ५००/(फिर्ता नहुने गरि खरिद गर्न सकिन्छ ।)

२.बोलपत्रमा आफूले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंकमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

३.फारम भर्दा स्पष्ट बुझिने गरी लेखिनु पर्नेछ । स्पष्ट नभए बुझ्न नसकिने अवस्था सिर्जना नभएमा त्यस्ता बोलपत्रलाई मान्यता दिइने छैन ।

४.आफूले कबुल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुन आउने रकम बैंक (एन.आइ.एम.बी.)को खातामा जम्मा गर्नु पर्दछ धरौटी जम्मा गरि सक्कल भौचर बोलपत्रको साथ पेश गर्नुपर्नेछ ।

५.बोलपत्र खुल्ने दिन बिदा पर्न गएमा सोको लगतै अर्कोदिन बोलपत्र खोलिने छ ।

६.संस्थामा प्राप्त भएका सिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

७.लिलामिको स्वीकृत आदेश पाएको बोलपत्र दाताले आफूले कबूल गरेको रकम मध्ये धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम कटाई सहकारी नियमावली, २०७५ को नियम ३४ बमोजिम तोकिएको म्याद ७ दिन भित्रमा बाँकी ९० प्रतिशत रकम दाखिला गरी लिलाम सम्पत्ति दाखिला खारेज नामसारी गरी लिइ सक्नु पर्नेछ । तोकिएको म्याद भित्रमा सम्पत्ति नामसारी गरी नलिएमा निजले धरौटी वापत जम्मा गरेको रकम जफत गरी निज पछिको सबैभन्दा बढी बोलपत्र भएको बोलपत्रदातालाई निजको नाममा उल्लेखित सम्पत्ति दाखिल खारेज नामसारी गरी लिन यस संस्थाले सूचना सहित आदेश दिन सक्नेछ ।

८.नामसारी गर्दा लाग्ने राजश्व लगायत अन्य सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयमले बेहोर्नु पर्नेछ ।

९.तोकिएको म्याद भित्र प्राप्त भएका र रित नपुगेका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०.बोलपत्र सम्बन्धी स्वीकृत वा अस्वीकृत गर्ने साथै अन्य सम्पूर्ण निर्णय गर्ने अधिकार यस संस्थामा निहित रहने छ ।

११.बोलपत्र दाताले बोलपत्रसाथ आफ्नो व्यक्तिगत तथा संस्थागत विवरण पेश गर्नु पर्नेछ ।

१२.ऋणी धितो जमानिकर्ताले यो सूचना प्रकाशित गरेको ३५ दिन भित्र ऋण चुक्ता गरि धितो फुकुवा गरी लैजान सक्नेछ । यस अवधिमा बोलपत्रदाताले पेश गरेको धरौटी वापतको रकम पनि बोलपत्र वालालाई फिर्ता गरिनेछ ।

१३.लिलाम हुने सम्पत्ति सम्बन्धमा वा अन्य आवश्यक कुराहरु जानकारी लिनका लागि सार्वजनिक बिदाका दिन बाहेक कार्यालय समयमा संस्थामा सम्पर्क राख्न सक्नु हुनेछ ।

१४.बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण कार्य गर्ने अधिकार संस्थामा निहित हुनेछ ।

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## कला मनोरञ्जन

# 'अल्फा' को टिजर : यशराजको स्पाइ



निर्माता आदित्य चोपडाको यशराज फिल्म्स (वाईआरएफ) ले आलिया भट्ट मुख्य भूमिकामा रहेको फिल्म 'अल्फा' को टिजर सार्वजनिक गरेको छ । टिजरले युनिभर्सभित्रको पहिलो 'ओरिजिन स्टोरी' प्रस्तुत गर्छ, जसमा हत्या गर्नकै लागि हुर्काइएकी र तयार पारिएकी एक युवा हत्याराको कथा देखाइएको छ ।

टिजरमा आलियाले निर्वाह गरेको पात्रलाई उनका बुबाले हुर्काएको देखाइएको छ, जसको भूमिका बबी देओलले निभाएका छन् । वाईआरएफले फिल्मकी अर्की मुख्य अभिनेत्री शरवरीको पात्रबारे पनि चाँडै खुलासा गर्ने जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'अल्फा एक शुद्ध मनोरञ्जनात्मक फिल्म हो, जसले दुई युवतीको 'अल्फा' सोच र आत्मविश्वासलाई केन्द्रमा राख्दै महिला पात्रद्वारा नेतृत्व गरिएको, अहिलेसम्म नदेखिएको एक्सन फिल्मको उत्सव मनाउने प्रयास गरेको छ ।' टिजरमा देओलको पात्रले आफ्नी छोरीको १८ औं जन्मदिन मनाइरहेको देखिन्छ । आलियाले निभाएको उक्त पात्रलाई उनले पहिलो 'टार्गेट' समाप्त गर्ने जिम्मेवारी दिन्छन् । त्यसपछि 'अल्फा' नामक भारतीय सैनिकको नयाँ पुस्ता तयार पार्ने गोप्य प्रशिक्षण कार्यक्रमको उल्लेख गरिन्छ । टिजरभरि आलियालाई विभिन्न जोखिमपूर्ण स्टन्ट र एक्सन दृश्यमा देख्न सकिन्छ । शिव रवाइलको निर्देशनमा बनेको 'अल्फा' आगामी जुलाई ३, २०२६ मा विश्वव्यापी रूपमा प्रदर्शनमा आउने तयारीमा छ । फिल्ममा अनिल कपूरको पनि महत्वपूर्ण भूमिका छ । रवाइलले यसअघि सन् १९८४ को भोपाल ग्यास दुर्घटनामाथि आधारित नेटफ्लिक्सको चर्चित चार भागको शृंखला द रेलवे मेन' निर्देशन गरेका थिए । सो शृंखलामा केके मेनन, आर. माधवन, बाबिल खान, दिव्येन्दु शर्मा, जुही चावला र दिव्येन्दु भट्टाचार्यले अभिनय गरेका थिए । जुलाई ३, २०२६ लाई अन्तिम प्रदर्शन मिति तय छ । वाईआरएफ स्पाइ युनिभर्सको सुरुआत सन् २०१२ मा सलमान खान र क्याट्रिना कैफ अभिनीत एक था टाइगर बाट भएको थियो । फिल्मको सफलतापछि टाइगर जिन्दा है (२०१७) र टाइगर ३ (२०२३) निर्माण गरिए । सन् २०१९ मा ऋतिक रोशन र टाइगर श्राफ अभिनित 'वार' प्रदर्शनमा आएको थियो । त्यसपछि सन् २०२३ मा शाहरुख खान र दीपिका पादुकोण अभिनीत 'पठान' रिलिज भयो । स्पाइ युनिभर्सअन्तर्गतको पछिल्लो फिल्म 'वार २' गत वर्ष प्रदर्शनमा आएको थियो, जसमा ऋतिक रोशन, जुनियर एनटीआर र कियारा आडवाणी मुख्य भूमिकामा थिए ।

*-अनलाइन खबर डटकम*

# पाल्पाका नयाँ प्रजिअ पाण्डेद्वारा पत्रकारसँग भेटघाट



**पाल्पा,** असार ९/ पाल्पामा सरुवा भई आएका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले मंगलबार पत्रकारहरुसँग भेटघाट तथा परिचयात्मक कार्यक्रम गरेका छन् । प्रमुख जिल्ला अधिकारी पाण्डेले जिल्लाको समग्र जानकारी तथा सुझावहरु लिन पत्रकारहरुसँग भेटघाट गरेका हुन् ।

पत्रकारसँगको छलफलमा उनले जिल्लाको शान्ति सुरक्षाको अवस्था मजबुत बनाउन आफु लागि पर्ने बताएका छन् । प्रजिअ पाण्डेले प्रशासनिक कामको सुधारसँगै अरु धेरै कामहरुमा सुधार ल्याएर सेवा ग्राहीलाई सेवामैत्री वातावरण तयारमा ध्यान दिने बताए । उनले आफु जति समय जिल्लामा बस्छु त्यो समय जिल्लाको शान्ति सुरक्षा र विकास निर्माणका काममा सहजीकरण गर्ने उल्लेख गरे ।

भेटघाटको क्रममा पत्रकारहरुले जिल्लामा टिपर अनियन्त्रित रुपमा सञ्चालन भएको, अत्याधिक ओभरलोड बोक्दा समेत प्रहरी मुखदर्शक भएको लगायतका गुनासाहरु राख्दै सोही अनुसारको भूमिका निर्वाह गर्न प्रजिअ पाण्डेलाई आग्रह गरेका छन् ।

त्यस्तै स्थानीय मिडियाहरुलाई दिगो राख्नका लागि स्थानीय सूचना, विज्ञापनहरुलाई जिल्लाका मिडियाहरुमै दिने व्यवस्थाको प्रवन्ध मिलाउन पनि प्रजिअ पाण्डेलाई पत्रकारले सुझाव दिएका छन् । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेना, निवर्तमान अध्यक्ष रेखिराम राना, महासंघका संस्थापक सचिव भरत शर्मा लगायतले आ-आफ्ना धारणा राखेका थिए । प्रमुख जिल्ला अधिकारी पाण्डेले पत्रकारले उठाएका विषय वस्तुमा आफ्नो ध्यान जाने र आगामी दिनहरुमा सुझाव सल्लाह दिनसमेत आग्रह गरेका थिए । सहायक प्रमुख जिल्ला अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पाल्पामा रासायनिक...

...यसरी प्रयोग गरिएको ढैँचाको बोट चारदेखि सात दिनमा कुहिएर मल बन्दछ । विश्वकर्मा, थापा र खनालमात्रै होइन, पछिल्लो समय जिल्लाका माडी फाँट क्षेत्रमा पर्ने केसेनी, रुप्से, माडीपोखराथोक, मदनपोखरा, तिनाउ गाउँपालिकाको दोभान र झुम्साका किसानले रासायनिक मलको विकल्पमा हरियो मल ढैँचाको प्रयोग बढाएका छन् ।

रासायनिक मलको अभाव, माटोको उर्वराशक्ति संरक्षणको आवश्यकता तथा उत्पादन लागत घटाउने उद्देश्यले यहाँका किसान हरियो मलका रूपमा प्रयोग हुने ढैँचा खेतीतर्फ आकर्षित हुन थालेका हुन् । कृषि केन्द्र पाल्पाका कृषि अर्थविज्ञ मातिवर यादवका अनुसार ढैँचाखेतीले माटोमा जैविक पदार्थको मात्रा बढाउनुका साथै नाइट्रोजनको आपूर्ति गर्न मद्दत गर्छ । ढैँचाखेतीले वातावरण संरक्षणमा योगदान पुऱ्याउने भएकाले यसको प्रयोग विस्तार गर्न आवश्यक रहेको छ । माटोको पीएच, नाइट्रोजन, फस्फोरस र पोटासको मात्रालाई ठिक ठाउँमा ल्याउनसमेत ढैँचाले मद्दत गर्ने कृषि अर्थविज्ञ यादवले बताए । धान रोपाइँअघि खेतमा ढैँचा लगाई केही समयपछि जोतेर माटोमा मिसाउँदा माटोको गुणस्तर सुधार हुने र बाली उत्पादनमा सकारात्मक प्रभाव पार्ने भएकाले किसानहरू सजिलै यसतर्फ आकर्षित भएका हुन् । दोभानका किसान शिशिर खनालका अनुसार रासायनिक मलको बढ्दो मूल्य र समयमै उपलब्ध नहुने समस्याका कारण वैकल्पिक उपायका रूपमा ढैँचाखेती प्रभावकारी बन्दै गएको छ । "ढैँचा प्रयोग गरेपछि माटो खुकुलो हुने र धानको उत्पादन राम्रो भएको अनुभव गरेका छौँ", उनले भने । कृषि ज्ञान केन्द्रका प्राविधिकले माटो परीक्षण, ढैँचाखेतीको महत्वबारे किसानलाई प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

## रामपुरमा महिलालाई...

...तालिम पश्चात उद्योग तथा व्यवसाय सञ्चालन गर्दै आएका महिलाहरुलाई आवश्यकता अनुसार उपकरणमा पनि अनुदान प्रदान गर्दै आएको उनले बताए । उनले उद्यमी महिलाहरुले उत्पादन गरेका सामान उपप्रमुख कोसेली घरबाट विक्री वितरण गर्ने वातावरण निर्माण गरिएको जानकारी दिइन् । साथै महिलाहरुले उत्पादन गरेको सामग्रीको बजार सुश्चितताका लागि विभिन्न संघ संस्थासँग पनि सहकार्य भैरहेको उनको भनाई छ । रामपुर नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले तालिम लिनु मात्र नभई प्राप्त तालिम कस्ले कति सदुपयोग गरे भन्ने कुरा महत्वपूर्ण रहने बताए । नगरपालिकाले गत वर्ष २२ जना महिलाहरुलाई तालिम प्रदान गरेको थियो । कार्यक्रममा प्रशिक्षक मदन कुमार अधिकारीले तालिममा सिकेका ज्ञान व्यवहारमा लागु गर्दै नयाँ सिप सिक्दै अघि बढ्न आग्रह गरे । छोटो समयमा धेरै सिकाउन नसकिए पनि सहभागीहरुको सक्रिय सहभागिताले तालिम प्रभावकारी बनेको विश्वास उनले व्यक्त गरे । सहभागीको तर्फबाट फुल माया परियारले आफ्नो अनुभव सहित तालिमलाई व्यवहारमा लागु गर्ने प्रतिवद्धता जनाइन् । कार्यक्रमको सञ्चालन महिला तथा बालबालिका शाखाका प्रमुख पुजा परियारले गरेकी थिइन् ।

### खेलकुद समाचार

## फ्रान्स विश्वकप फुटबलको नकआउट चरणमा



**काठमाडौं,** असार ९/साबिक उपविजेता फ्रान्स फिफा विश्वकप फुटबलको नकआउट चरणमा पुगेको छ । फिलाडेल्फिया स्टेडियममा मंगलबार बिहान भएको खेलमा फ्रान्सले इराकलाई ३ गोलले हरायो । यो खेलमा कप्तान किलियन एम्बाप्पेले २ गोल गरे । उनले खेलको १४ औँ र ५४ औँ मिनेटमा गोल गरेका हुन् । पहिलो हाफ लगत्तै ठूलो पानी परेपछि खेल २ घण्टा रोकिएको थियो । दोस्रो हाफको ६६ औँ मिनेटमा उस्मान डेम्बेलेले गोल थपेसँगै फ्रान्सले ३ गोलको अग्रता बनायो । त्यसपछि थप गोल हुन सकेन । यो फ्रान्सको दोस्रो जित हो । यसअघि पहिलो खेलमा फ्रान्सले सेनेगललाई ३-१ गोलले पराजित गरेको थियो । फ्रान्स २ खेलमा ६ अङ्क बनाएर नकआउट चरणमा पुगेको हो । यस्तै गए राति भएको खेलमा साबिक विजेता अर्जेन्टिनाले अष्ट्रियालाई २ गोलले पराजित गर्दै नकआउट चरणमा पुगिसकेको छ । यो खेलमा अर्जेन्टिनाका कप्तान लियोनल मेसीले दुई गोल गरे । योसँगै विश्वकप इतिहासमा उनले सर्वाधिक गोल गर्ने खेलाडीको कीर्तिमान पनि बनाएका छन् । मेसीले विश्वकप फुटबलमा आफ्नो गोल सङ्ख्या १८ पुऱ्याएका छन् ।

### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले झऱ्यो



**पाल्पा,** असार ९/शेयर बजार मंगलबार दोहोरो अङ्कले घटेको छ । शेयर बजार परिसूचक नेप्से मंगलबार २६ दशमलव १६ अङ्कले घटेर २ हजार ६७५ दशमलव ४८ विन्दुमा झरेको छ ।

मंगलबार म्युचल फन्ड बाहेक सबै समूहको शेयर घटेकोमा उत्पादन तथा प्रशोधन समूहको सूचक १ दशमलव ९२ प्रतिशतले ओरालो लागेको छ । मंगलबार २३९ वटा कम्पनीको शेयर घटेकोमा २३ वटाको बढेको छ । यस्तै १० वटा कम्पनीको शेयर घटबढ भएको छैन । मंगलबार बुङ्गल हाइड्रोको शेयर १५ प्रतिशतले घटेको छ । समग्रमा बजार घटेको दिन टक्सार पिखुवा खोला हाइड्रोपावर र याम्बलिङ हाइड्रोपावरको शेयर १५ प्रतिशतले घटेको छ । मंगलबार नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । सोमबार ४ अर्ब ४४ करोडको कारोबार भएकोमा मंगलबार ३५३ वटा कम्पनीका १ करोड ४० हजार कित्ता शेयर ४ अर्ब ३६ करोड रुपैयाँमा किनबेच भएको छ ।


## रामपुर नगरपालिकाको अनुरोध

- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| सुर्य दर्शन पण्डित | बालकुमारी थापा | रमण बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई